# ९ येशूख्रीष्टमा निर्दोष भएको फैसला

<u>*यस अध्यायका मूल पदहरू*</u>: रोमी ८:१-१७

<u>*यस अध्यायको मूल सार पद*</u>: **"१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन (अर्थात परमेश्वरले तिनीहरूलाई निर्दोष भएको फैसला सुनाइसक्नुभएको छ)। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।" रोमी ८:१-२।**

रोमी ७मा गरिएको प्रश्नको जवाफ रोमी ८मा पावल आफैले दिन्छन्। सफल जीवन बिताउन चाहादा चाहँदै पनि धेरै अवरोधहरू खडाभएकोले आफू दिग्दार, हतोत्साही, असफल र अपराधी मनस्थितिले व्याकुल भएको पावलले रोमी ७मा व्यक्त गरेका थिए। तर रोमी ८मा उनीमाथि गरिएको दोषबाट उनी मुक्तभएको हर्षोल्लाससाथ उनले व्यक्त गरेको हामी पाउँछौं। येशूले गर्दा अब उनको दयनीय जीवनबाट उनी मुक्त भएको र बिजयी जीवन बिताउन स्वतन्त्र भएको कुरा पनि उनले व्यक्त गर्दछन्।

यदि तपाईंले येशूको जीवन दिने उपहारलाई अस्वीकार गर्नुभयो भने कस्तो खालको दयनीय जीवन तपाईंले बिताउने हो सो तपाईंको हो भनेर रोमी ७मा पावल भन्दछन्। कुनै मध्यम मार्ग बाइबलले बताउँदैनः कि तपाईं पापको नियन्त्रणमा वा परमेश्वरको नियन्त्रणमा। यदि तपाईं पापको दासत्वमा रहिरहनुभयो भने तपाईंले गर्न चाहनुभएको असल काम गर्न तपाईं सक्नुहुन्न। प्रभु येशूले तपाईंलाई पापको दासत्वबाट स्वतन्त्र दिनचाहनुहुन्छ। यस स्वतन्त्र जीवनले तपाईं असल काम गर्न फुक्का हुनुहुनेछ। भौतिक शरीरले तपाईंलाई नियन्त्रणमा राखेर त्यसको चाहनामा तपाईंलाई घचेट्न चाहेपनि येशूको शक्तिले त्यसमाथि नियन्त्रण गरेर तपाईं विजयीको जीवन बिताउन सक्नुहुन्छ भन्ने रोमी ८को सन्देश हो।

तर तपाईंले पाउने मुक्तिको निम्ति बिशाल अर्थात् असिमित मूल्य चुकाउनु परेको थियो भनेर पावलले भन्दछन्। त्यो मोल कसैसँग पनि तुलना गर्न सकिंदैन। परमेश्वरको पुत्र येशूले नै मानवीय चोला धारण गर्नुभयो।

जसरी कमिलाको भाषा बुझ्न कमिला नै हुनुपर्छ भने झैं हाम्रो भाषा, कमजोरीपना आदि बुझ्न हाम्रै चोलामा येशू आउनुभयो। उहाँ हाम्रो निम्ति अति सर्वोत्तम नमुना हुनुभयो। हाम्रो सट्टामा उहाँ मर्नुभयो। त्यसबाट मात्र उहाँले हामीसँग सम्बन्ध गाँस्न सक्नुहुन्छ। "उहाँ हामी जस्तै हुनुभयो अर्थात् उहाँको शरीर पापीको जस्तै थियो।" (रोमी ८:३)। यसको फलस्वरुप, हामीबाट माग गरिएको दश आज्ञाका आवश्यकताहरू येशूले पूरा गर्न भयो, र त्यो धार्मिक काम हाम्रो जीवनमा हस्तारन्तरण हुन सम्भव भयो (पद ४)। स्पष्ट रूपमा भन्ने हो भने येशूले पापसँग गर्नुपर्ने संघर्षमा उहाँ बिजयी हुनुभयो। उहाँले विश्वास गर्नेहरूको निम्ति दश आज्ञाका सकरात्मक मागहरू पूरा गर्नुभयो। त्यसले गर्दा हामीहरूले दश आज्ञाहरू पालन गरेर मुक्ति पाउने नभएर उहाँको कामले मुक्ति पाउने भएका थियौं। परमेश्वरो व्यवस्थालाई पालन गरेर मुक्ति पाउने प्रावधान न त पहिला थियो न त पछि नै हुनेछ।

यो सन्देश पावलको थियो र लुथरको पनि थियो र हाम्रो पनि हुनैपर्छ।

## १. येशू ख्रीष्टमा)

**"१ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। रोमी ८:१-२ ( यैशूमा हुने मानिस भौतिक शरीरको अभिलाषा अनुसार होइन तर पवित्र आत्माको अगुवाईमा चल्छ त्यसकारण त्यसलाई अब निर्दोष भएको फैसला सुनाइएको छ"-रूपान्तरित)। येशूमा हुनेहरूले अब दोषी ठहरिनबाट मुक्त भएको छ रे ! यसको तात्पर्य के हो? केबाट दोषी ठहरिनुबाट मुक्त? पावलको निम्ति र सारा मानव जगतको निम्ति यो शुभ-समाचार किन उल्लासमय खुशीको सन्देश हो?**

पावलको लेखहरूमा "येशू ख्रीष्टमा" भन्ने वाक्य बारम्बार पाउँछौं। कोहि मानिस येशूमा छ भन्नुको अर्थ त्यस व्यक्तिले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार गरेको हुन्छ। त्यस ब्यक्तिले येशूमाथि पूर्ण रूपमा वा स्पष्ट रूपमा भरोसा राखेको हुन्छ र येशूको आचरणलाई आफ्नो पनि आचरण बनाउने निर्णयात्मक कदम अंगालेको हुन्छ। यो प्रक्रियामा, त्यस व्यक्ति र येशूको बिचमा व्यक्तिगत रूपमा अत्यन्त गाढा सम्वन्ध बिकसित भएर उहाँसँग एक हुन पुग्दछ।

"येशू ख्रीष्टमा" भन्ने वाक्य "शरीरमा" भन्दा ठीक विपरित छ। रोमी ७ अध्यायमा वर्णन गरेको मानिस र यस रोमी ८:१को मानिसमा भएको अनुभव अलग छन् भनेर पावलले हामीलाई बताउन खोजेको पाउँद्छौं। येशूलाई आफ्नो जीवन अर्पण गर्नुभन्दा पहिलाको व्यक्ति शारीरिक हुन् भनेर पावलले रोमी ७मा उल्लेख गरेका छन् ।शारीरिक वा भौतिक व्यक्ति भन्नाले त्यस मानिसको केन्द्रविन्दु आफ्नो स्वार्थलाईमात्र सर्वोच्चता ठानेको हुन्छ। त्यो व्यक्ति पापको दास हो भन्ने अर्थ लाग्छ। आफ्नो कामवासनालाई मात्र केन्द्रविन्दु बनाउने मानिस मृत्युको फैसलाको मुनि रहन्छ (रोमी ७:११,१३,१४)। पापको दायरामा रहेर पापको नीति वा व्यवस्थालाई त्यसले पालन गरेको हुन्छ (पद २३,२५)। यस्तो मानिसको अवस्था भयङ्कर दयनीय र ज्यादै खराब हुन्छ (पद:२४)।

तर जब त्यस व्यक्तिले आफ्नो जीवनलाई येशूमा अर्पण गर्दछ, तब तत्कालै परमेश्वरसँग त्यस व्यक्तिको सम्वन्ध परिवर्तन हुन्छ वा परमेश्वरको सामु उभिन सक्ने हुन्छ। त्यो व्यक्तिमाथि पहिला, परमेश्वरको कानून वा आज्ञा तोड्ने अपराधी भनेर फैसला गरिएको थियो। येशूलाई ग्रहण गरेपछि अब उसले परमेश्वरको सामु सिद्ध र निर्दोष भएर उभिने अवसर पाएको हुन्छ। उसलाई कहिल्यै पनि पाप नगरेको ठहराइएको हुन्छ। उसलाई येशूको धार्मिकताले पूरै छोपेको हुन्छ। येशूको छत्रछायाँमा रहने मानिसलाई परमेश्वरले दोषमुक्त गर्नुहुन्छ। त्यो व्यक्ति दोषरहित, पापरहित र अनन्त जीवनको योग्य भएकोले परमेश्वरको सामु निर्दोष भएको होइन। कोहि पनि मानिस त्यस अवस्थामा छैन भन्ने कुरामा हामीलाई थाहा छ। तर येशूको सिद्ध जीवनमा त्यस व्यक्तिको ठाँउ साटिएको हुनाले त्यो व्यक्ति दोषरहित हुन्छ।

प्रिय पाठकवृन्धहरू, यो उल्लासमय शुभ-समाचारको अन्त यहिँमात्र होइन। **पापको दासत्वबाट मानिस कसरी स्वतन्त्र हुन्छ त? हेर्नुहोस् रोमी ८:२: "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।"**

"जीवनको आत्माको व्यवस्था" भनेको के हो त? यसको अर्थ सारा मानव जातिलाई (चाहे त्यो पुरुष होस्, स्त्री होस् वा बालबालिका नै किन नहोस्) उद्धार गर्ने येशू ख्रीष्टको योजना हो। यो पापको व्यवस्थादेखि अत्यन्त फरक छ किनभने यस पापको व्यवस्थाले मानिसलाई अनन्तको मृत्युतिर डोऱ्याएको हुन्छ। यो कुरालाई रोमी ७मा हामीले हेऱ्यौं। पापको व्यवस्थाको

केन्द्रविन्दु नै मृत्यु हो। यस्तो व्यक्तिले आशारहित जीवन बिताएको हुन्छ। तर येशूको व्यवस्थाले मानिसलाई जीवन र सही स्वतन्त्रता प्रदान गर्छ।

"प्रत्येक व्यक्ति जो परमेश्वरमा रहन चाहँदैन, त्यो अर्कै शक्तिको नियन्त्रणमा रहेको हुन्छ। त्यो मानिस आफ्नै हुँदैन। आफूले आफैलाई वन्धक बनाएको हुन्छ। जतिसुकै आफू स्वतन्त्र भएको दावि गरेतापनि त्यो मानिसले आफू कुनै न कुनैको शक्तिबाट स्वतन्त्र नभएको आभास पाइ नै राखेको हुन्छ। ऊ अत्यन्त दयनीय दासत्वको परिधिमा फसिरहेको हुन्छ।...उसले भन्ला "मैले आफ्नै विवेकलाई पछयाएको छु। कुन बाटोमा हिंड्नु पर्छ मलाई कसैले भन्नुपर्दैन। मेरो चेतनामा पाएको न्यायमा म हिँडिरहेको छु।' तर यथार्थमा त्यस व्यक्ति अन्धकारको शक्तिको नियन्त्रणमा रहेको हुन्छ र त्यहि शक्तिका आज्ञाहरूलाई उसले अदृश्य रूपमा पालन गरिरहेको हुन्छ। तर याद गर्नुहोस्, त्यस पापको दासत्वको वन्धनबाट मुक्त गर्न येशू ख्रीष्ट आउनुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ४६६बाट रूपान्तरित।

**के तपाईं दास हुनुहुन्छ वा येशूमा स्वतन्त्र हुनुहुन्छ? यस विषयमा तपाईं कसरी निश्चित हुनसक्नुहुन्छ?**

## २. व्यवस्थाले के गर्न सक्दैन (रोमी ८:३,४)

व्यवस्था चाहे त्यो येशूलाई औंल्याउने बलिप्रथा तथा संस्कारहरू हुन् वा दश आज्ञाहरू नै किन नहुन् आफै असल त छन् नै। तर हामीलाई चाहिने अत्यन्त आवश्यक वस्तुलाई यसले पूरा गर्न सक्दैन। त्यो हो हामीलाई चाहिने मुक्तिको बाटो। पापबाट ल्याउने दोष र मृत्युबाट हाम्रो उद्धार हुनुपर्छ। त्यसको निम्ति हामीलाई येशूको आवश्यकता पर्छ।

**रोमी ८:३,४मा व्यक्त गरेको भावनामा येशूले के गर्नुभयो जुन् व्यवस्थाले गर्न सक्दैन? हेर्नुहोस्: "पाप स्वभावले दुर्वल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन सो परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलि झैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो। यस हेतुले कि व्यवस्थाको उचित आबश्यकता हामीमा पूर्ण होस्, हामी जो पाप-स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" (रोमी ४:३,४)।**

पापबाट ल्याउने समस्यालाई समाधान गर्न परमेश्वरले आफ्नै पुत्रलाई पापी-मानव स्वभावको चोलामा पठाउनुभयो। उहाँले येशूको शरीरमा पापको

दोष थुपार्नुभयो। मुक्तिको योजनामा येशूको मानव अवतार अत्यन्त महत्त्वपूर्ण कदम थियो। त्यसकारण क्रुसको सर्वोच्चताको प्रशंसा गर्न अत्यन्त उचित छ। तर मुक्तिको योजना बनाउँदा येशूको जीवन पापमय शरीरको स्वरूपमा आउनु अत्यन्त महत्वपूर्ण प्रक्रिया थियो भनेर हामीले बुझ्नुपर्छ।

येशूलाई यस संसारमा पठाउनुभएर परमेश्वरले जे गर्नुभयो त्यसले हामीलाई परमेश्वरको दश आज्ञाको मागलाई पालन गर्न सम्भव बनाएको छ। यसको अर्थ व्यवस्थाले अपेक्षा गरेको ठीक वा उचित काम गर्न हामी सक्षम् हुन गएका छौं। व्यवस्थाको मात्र अधीनमा रहेर यो काम गर्न हामीलाई सम्भव भएको थिएन (रोमी ६:१४)। अब येशूमा सम्भव भएको छ।

तर एउटा कुराको ख्याल राख्नु अत्यन्त आवश्यक छः परमेश्वरको दश आज्ञालाई पालन गर्दैमा हामीले मुक्ति आर्जन गर्न सक्छौं भन्नु हुन्न। दश आज्ञालाई पालन गरेर मुक्तिलाई चुन्ने बाटो हाम्रो कहिल्यै पनि भएको थिएन। तर हामीले मुक्ति पाएपछि परमेश्वरको चाहना अनुसार जीवन यापन गर्न उहाँले सहायता गर्नुहुन्छ। सरल तरिकाले भन्ने हो भने येशूभक्तको जीवन आज्ञाकारी जीवन हो। येशूको खटनमा अनुशासित जीवन बिताउनु हो। यस खालका आज्ञाकारी जीवनमा हाम्रो सबै कामवासना र अभिलाषाहरूलाई हामीले क्रुसमा टाँगेको टाँगै हुन्छौं। परमेश्वरको सर्वोच्चता भन्दा आफ्नो शरीरको सर्वोच्चतालाई प्राथमिकता दिने वा भाऊ खोज्ने मनस्थितिलाई क्रुसमा टाँगेर अन्त्य गर्दछौं। यस्तो खालको जीवनले येशूको चरित्रलाई झल्काउँद्छ।

पद ४मा उल्लेखित “चल्छौं" भन्नुको अर्थ “त्यस व्यक्तिको आचरण वा आनिबानी" हो। “शरीर" भन्नुको अर्थ त्यो व्यक्ति पापै पापले भरिएको मानव अर्थात् पुनर्जिवित नभएको मानिस हो। येशूलाई विश्वास गर्नुभन्दा अघि र पछि पनि हाम्रो मानव शरीर पापले भरेको हुन्छ। शरीरको अनुसार हिँड्नु भन्नुको अर्थ हाम्रो स्वार्थी अभिलाषाले हामीलाई बशमा राखेर त्यसै अनुसार हामी हिँड्नु हो, त्यो चाहे इसाई हुँ भनेर दावी गरेर चलेतापनि वा नचलेतापनि, जो मानिस पापको दासत्वमा रहन्छ उसले चाहेर पनि असल काम गर्न असम्भव भएको पाउँछ र स्वार्थी अभिलाषामा चल्दछ (रोमी ७:१५,१८)।

तर त्यसको ठीक बिपरित, पवित्र आत्माको पछि लागेर चल्नु भनेको व्यवस्थाको धार्मिक आवश्यकतालाई पूरा गरेर चल्नु हो। केवल पवित्र आत्माको सहयोगले मात्र त्यस आवश्यकता वा मागलाई हामी पूरा गर्न सक्छौं। व्यवस्था वा दश आज्ञा अर्थात् परमेश्वरको विधिको शासनमा स्वतन्त्र

रूपमा चल्न केवल ख्रीष्टमामात्र सम्भव छ। ख्रीष्टबिना त्यस्तो स्वतन्त्रता हुँदैन। जो मानिस पापको दासत्वमा रहन्छ त्यसले आफूले रोजेको असल काम गर्न असम्भव भएको महसुस गर्दछ (हेर्नुहोस्: "१५ म के गर्दछु, त्यो बुझ्दिनँ। किनकि म जे चाहन्छु, त्यो गर्दिनँ। तर त्यही गर्दछु, जो म घृणा गर्दछु। १६ गर्न नचाहेको म गर्दछु भने, व्यवस्था असल छ भनी म सहमत हुन्छु। १७ यसैले अब त्यो गर्ने म होइनँ, तर ममा वास गर्ने पाप हो। १८ किनकि मलाई थाहा छ, कि ममा, अर्थात् मेरो पापमय स्वभावमा केही असल कुराले वास गर्दैन। जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ। १९ किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु। २० अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर मभित्र वास गर्ने पाप हो।" रोमी ७:१५-२०)

**तपाईंले परमेश्वरको दश आज्ञाको व्यवस्थालाई कसरी उचित पूर्वक पालन गरिरहनुभएको छ? साथै के तपाईंले व्यवस्था अर्थात् दश आज्ञालाई पालन गरेर मुक्ति पाउँछु भन्ने धारणबाट तपाईं मुक्त हुनुभएको छ? के तपाईंले व्यवस्थाको धार्मिकता पूरा गरेर असल उदाहरणीय जीवन बिताइरहनुभएको छ? यदि छैन भने किन छैन? तपाईंले आफ्नो गलत क्रियाकलापलाई कुन् बहानामा अंगालिरहनुभएको छ?**

## ३. शरीरको चाहनामा हिंड्ने कि आत्माको चाहनामा?

"किनभने-पापस्वभाव अनुसार चल्नेहरूले शरीरका कुराहरूमा मन लगाउँछन् तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने, पाप-स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो।"(रोमी ८:५,६)। उपरोक्त अभिव्यक्तलाई सोच्नुहोस्। ती पदहरूले हामीलाई कुन् आधारभूत सन्देश दिन्छन्? तपाईंको जीवन आचरण कस्तो खालको छ भनेर उपरोक्त पदहरूले कसरी खुलासा गरिरहेका छन्?

"पापस्वभाव अनुसार चल्नु" भनेको "पापको पछि" लाग्नु हो। यो शब्द ग्रीक भाषा kata (काटा)बाट आएको हो। "मन" भन्दा कस्तो मनस्थिति वा मतिले चलेको हुन्छन् भनेर देखाउँद्छ। एक थरीका मानिसहरूले आफ्नो प्राकृतिक स्वभावको नियन्त्रणमा रहेर त्यसले माग गर्ने अभिलाषा अनुसार चल्दछन् भने अर्को समूहका मानिसहरू परमेश्वरको आत्माले औंल्याएका

कुराहरूमा मन लगाउँछन् र त्यसको अगुवाईमा हिँडेका हुन्छन्। मानिसको मनले नै निर्णायक भूमिका खेल्ने भएकोले ती दुई समूहका मानिसहरू फरक जीवनशैलीमा हिँड्छन् र फरकै आचरणलाई प्रस्तुत गर्दछन्।

रोमी ८:७,८ले शारीरिक वा भौतिक सर्वोच्चतालई प्रार्थमिकता दिनेले के गर्न सक्दैनन् भनेका छन्? हेर्नुहोस्ः "किनभने पापमय शरीरतिर लागेका मनचाहिँ परमेश्वरप्रतिको शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुन सक्छ। पाप-स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्।" (रोमी ८:७,८)।

आफ्नो शरीरको अभिलाषालाई मात्र पूरा गर्न कम्मर कसेका मानिसहरू परमेश्वरका शत्रु हुन्। आफ्नो स्वार्थ पूरा गर्न जे गर्न पनि पछि नहट्ने मानिसहरूले परमेश्वरको योजना वा इच्छामा चल्न चाहेका हुँदैनन्। त्यस्ता मनस्थिति बोकेका मानिसले परमेश्वरको कामको बारेमा रतिभर पनि चिन्ता लिदैनन्। आफ्नो भाउ खोज्ने मानिसहरूले परमेश्वरको भाउ खोज्दैनन्। हुनसक्छ यस्ता मानिसहरू प्रतक्ष वा अप्रतक्ष रूपमा परमेश्वरको बिरुद्धमा चलिरहेका हुन्छन्। यस्ता खालका मानिसहरूले खुला रूपमै परमेश्वरका आचारसंहिता वा दश आज्ञाहरूलाई चुनौति दिइरहेका हुन्छन्।

येशू ख्रीष्टबिना परमेश्वरका आज्ञाहरूलाई पालन गर्न सम्भव छैन भनेर पावलले औंल्याउन चाहेको पाउँछौं। यस बिषयवस्तुलाई उनले बारम्बार दोहोऱ्याइरहेको पाउँछौं। मानिसले जतिसुकै अथक प्रयास गरेतापनि साँच्चिक्कै भन्ने हो भने येशू ख्रीष्टबिना परमेश्वरको व्यवस्था वा दश आज्ञामुताविक चल्न सकिँदैन भन्ने विषयबस्तुलाई पावलले बराबर भन्दछन्।

यहूदीहरूलाई उनीहरूको तोराह् वा सम्पूर्ण विधिविधान र व्यवस्था भन्दा अझ बढी कुराहरुको आवश्यकता तिनीहरूलाई छ भनेर पावलले विषेशरूपमा औंल्याउँछन्। तिनीहरूलाई परमेश्वरको इच्छाको बारेमा थाहा पाएर पनि तिनीहरूको आचरण वा कामद्वारा तिनीहरू गैर-यहूदी वा तिनीहरूले कुजात भनेर सम्बोधन गर्ने मानिसहरू जस्तै पापका दोषी छन् (रोमी २)। अर्थात् गैर-यहूदीहरूलाई मात्र होइन ती यहूदीहरूलाई पनि मसीहको आवश्यकता छ भन्ने पाठ सबैले सिक्नुपर्छ। येशू मसीह बिना तिनीहरू पापको दासत्वमा नै रहेका हुन्छन् र त्यसको नियन्त्रणबाट भाग्न असमर्थ हुन्छन्।

मुक्तिको लागि पुरानो करारमा दिइएको परमेश्वरका व्यवस्थाहरू अब अपुग हुन्छन् भनेर नबुझ्ने यहूदीहरूलाई पावलको जवाफ यहि नै थियो।

उनीहरूले जे गरिरहेका छन् असलै गरिरहेका छन् भनेर पावलले स्वीकार गरेकोचाहिँ पाउँछौं। तर अहिले आउनुभएको मसीहलाई पनि ग्रहण गर्नु आवश्यक छ भनेर पावलले जोड दिइरहेका थिए।

**विगत २४ घण्टाको आफ्नो जीवनशैलीलाई तपाँई सोच्नुहोस्। के तपाईं परमेश्वरको इच्छामा चल्नु भएको छ कि वा आफ्नो शारीरिक अभिलाषा अनुसार? तपाईंको जवाफले तपाईंको बारेमा के भन्दछ। यदि तपाईको जवाफमा तपाईंको शारीरिक अभिलाषालाई उच्च मान्दै चलिरेहको छ भनेर देखाउँदछ भने के कुरामा परिवर्तन हुनुपर्दछ? त्यसलाई कसरी परिवर्तन गर्ने?**

## ४. तपाईंमा भएको येशू ख्रीष्ट

पावलले आफ्नो विषयवस्तुलाई निरन्तरता दिन्छन्। मानिसको जीवनमा भइरहेको अन्तरद्वन्द्व वा चेतनाको संघर्षले कसको पक्षमा उभेर आफ्नो जीवनलाई चलाई रहेको छ भनेर स्पष्टरूपमा पावलद्वारा देखाउन खोजिएको पाउँछौं। हाम्रो जीवनमा केवल दुई वटा बाटोहरू छन् रे ! प्रतिज्ञा गरिएको अनुसार परमेश्वरको पवित्र आत्माद्वारा हामी बाँचिरहेकाछौं कि हाम्रो पापमय र भौतिक स्वभावलाई मनाउँदै बाँचिरहेका छौं? पवित्र आत्माको अगुवाईमा हिंड्दा अनन्त जीवन प्राप्त हुन्छ भने, हाम्रो शरीरको अभिलाषालाई सम्मान गरेर हिंडदा, यस जीवनमा क्षणिक आनन्द त होला तर त्यसले अनन्तको मृत्युमा हामीलाई धपाइ दिन्छ। कि त परमेश्वरको निम्ति जीउने वा आफ्नो निम्ति जीउने, बाइबलद्वारा हाम्रो निम्ति कुनै बीचको बाटो छुट्याइएको छैन। यस विषयमा येशू ख्रीष्ट आफैले स्पष्ट पार्नुभएको छः “जो मसँग छैन, त्यो मेरो विरुद्धमा छ। जो मानिस मसँग मिलेर भेंडाका बगालहरूलाई जम्मा गर्दैन, त्यो मानिसले तिनीहरूलाई  तितरबितर गर्नेछन्।" (मत्ती १२:३०बाट रूपान्तरित)। पावलले हृदयदेखि भन्न खोजेको कुरालाई यसरी येशूले सहमत गर्नुभएको भन्दा अरू के होला र? यसले हाम्रो जीवनलाई कि त कालो कि त सेतो भनेर छुट्याइएको छ। यो भन्दा अरू बढी हामीले कसरी बुझ्ने?

**प्रभु येशूलाई आफ्नो जीवन पूर्ण रूपमा अर्पण गर्ने (केवल श्रद्धामात्र राख्ने होइन तर भक्तपनि हुने) मानिसलाई के वाचा दिइएको छ भनेर पावलले रोमी ८:९-१४मा खुलासा गरेका छन्? हेर्नुहोस्: “यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पाप-स्वभावका होइन। तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो**

**उहाँको हुँदैहोइन। यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भएतापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्।तर यदि येशूलाई मरेकाहरूबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा बास बस्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा बास गर्नुहुने उहाँको आत्माद्वारा तिमीहरूका मरणशील शरिरलाई पनि जीवन दिनुहुनेछ। त्यसैले ए भाई हो, पाप-स्वभाव अनुसार जिउनलाई हामी पाप-स्वभावप्रति वाध्य छैनौं। किनकि पाप-स्वभाव अनुसार तिमीहरू जिउँछौं भने तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पाऱ्यौ भने तिमीहरू जिउनेछौ। किनभने सबै जो परमेश्वरका आत्माले डोऱ्याएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।" रोमी ८:९-१४।**

पवित्र आत्मामा जिउने जीवन शरीरमा जिउनेभन्दा धेरै फरक छ। पवित्र आत्माको अगुवाईमा चल्ने व्यक्तिलाई उहाँले नै आफ्नो बशमा राख्नुहुन्छ। रोमी ८ अनुसार त्यस पवित्र आत्मालाई येशूको आत्मा भनेर कहलाइन्छ। पवित्र आत्माले येशूको प्रतिनिधित्व गर्नुहुन्छ। अनि उहाँद्वारा नै येशू विश्वासीको जीवनमा रहनुहुन्छ (रोमी ८:९,१०)।

रोमी ६:१-१३मा औंल्याइएको बप्तिस्माको प्रतीकलाई पावलले रोमी ८:९-११मा दोऱ्याएको पाउँछौं। (फेरि हेर्नुहोस्: "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन

जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। रोमी ६:१-१३) बप्तिस्मामा पापको शरीर वा शरीर जो पापको बशमा रहन्छ वा पापको सेवा गर्छ, त्यो नाश हुन्छ। पुरानो मानिस येशूसँग क्रुसमा टाँगिएको हुन्छ (रोमी ६:६)। तर बप्तिस्माको प्रक्रियामा त्यो मानिस गाडिएको मात्र हुँदैन त्यसको पुनरुत्थान पनि हुन्छ। यसरी वप्तिस्मा लिएको व्यक्ति येशूमा पुनर्जीवन पाएर नयाँ स्वभावमा हिँडद्छ। यसको अर्थ त्यस व्यक्तिले आफ्नो स्वार्थ मनस्थिति र आचरणलाई मरेतुल्य बनाउँद्छ। तर यो बाटोमा हिँड्न दिनप्रतिदिन, क्षणक्षणमा चुनिनै रहनुपर्दछ। मानिसले पाउने स्वतन्त्रता वा आत्मनिर्णयको अधिकारलाई परमेश्वरले खोस्नुहुन्न। बप्तिस्माको प्रतीकको रूपमा पुरानो पापबाट मानिसलाई नाश गरिएतापनि, त्यो व्यक्ति फेरि पापमा फस्ने सम्भावना कायमै हुन्छ। त्यसै कारण कलस्सी ३:५मा पावलले यो निर्देशन दिन्छन्: "तिम्रो संसारिक स्वभावमा भएका केही चिज छ भने त्यसलाई अन्त्य गर वा शरीरलाई अनुशासनमा राख।" (रूपान्तरित)।

प्रिय पाठकवृन्दहरू याद गर्नुहोस्, हामीले आस्था परिवर्तन गरेर येशूलाई अंगालेतापनि हामी पापसँग संघर्ष गरि नै रहेका हुन्छौं। तर फरक त यो छ, जो मानिस परमेश्वरको आत्माको बशमा रहन्छ त्यस मानिसले पापसँग संघर्ष गर्न र त्यसमाथि विजय प्राप्त गर्न उसलाई परमेश्वरले शक्ति दिनुहुन्छ। परमेश्वरको आत्माले डोऱ्याएका मानिस पापको आतङ्ककारी दासत्वबाट अचम्म तरिकाले स्वतन्त्र भएका हुन्छन्। कहिल्यै पनि फेरि पापको सेवा गर्न त्यो मानिस वाध्य हुँदैन।

**जुन परमेश्वरको आत्माले येशूलाई पुनर्जिवीत पार्नुभयो, त्यहि आत्मा हामीमा पनि रहनुहुन्छ भन्ने गौरवमय तर्कलाई सोच्नुहोस्। तर त्यस आत्मालाई हामीमा रहन दिने वा नदिने भन्ने कुरा हामीमै निर्भर गर्दछ। यदि उहाँमा रहन**

**सक्यौं भने कस्तो शक्ति हामीले पाउँछौं, सोच्नुहोस्। त्यस अवसरको फाइदा नउठाउन हामीलाई केले रोकिरहेको छ?**

## ५. परमेश्वरको सन्तान हुने अवसर

**पावलले रोमी ८:१५मा परमेश्वरसँगको हाम्रो सम्बन्धबारेमा यसरी व्यक्त गर्दछन्: "किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, बुबा वा पिता" भनी पुकाछौं।" येशूमा अब हामी नयाँ सम्बन्ध गाँसेर हिंड्छौ भनेर पावलले उल्लेख गर्दछन्। त्यस प्रतिज्ञामा हामीले कस्ता खालका आशा हामीले पाउँछौं? त्यस प्रतिज्ञालाई हाम्रो जीवनले कसरी आफ्नै बनाउने?**

नयाँ सम्वन्धमा परमेश्वरका सन्तान भएर हिंड्नुको अर्थ हो हामीले डर तथा जीवनमा आउने कुनै पनि त्रासबाट स्वतन्त्र हुनु हो। दासले बन्दको जीवन बिताउनुपर्दछ। त्यो व्यक्ति जहिलै पनि आफ्ना मालिकको डरमा रहेको हुन्छ। उसले जतिसुकै धेरै वर्ष दासको काम गरेपनि अन्तमा उसले केहीपनि पाउँदैन।

तर येशूलाई मुक्तिदाता भनेर स्वीकार गर्ने व्यक्तिले दासको मनस्थिति भोग्नुपर्दैन। प्रथमः त त्यस व्यक्तिले येशूलाई स्वइच्छाले सेवा गर्दछ। दोश्रोमा त्यस व्यक्ति चाहे पुरुष होस् वा स्त्री होस् कुनै किसिमको डर नमानि परमेश्वरको सेवा गर्दछ, किनभने "सिद्ध प्रेमले डरलाई फ्याँकिदिन्छ " (१ यूहन्ना ४:१८ रूपान्तरित)। तेश्रोमा, त्यो व्यक्ति परमेश्वरको सन्तान हुने भएकोले त्यसले असिमित रूपमा उहाँको आशिषको उपभोग गर्न पाउँद्छ। उसले परमेश्वरको राज्यमा उत्तराधिकारी भएको दाबी गर्नसक्दछ।

"धर्मका नीतिनियम तथा कानुन वा परम्परा अनुसार चल्नुपर्छ भनेर हृदयले नचाहेपनि त्यसलाई पालन गर्न आफूलाई करकापमा लाग्न घचेटिदिंदा त्यसले दासत्वको मनस्थितिलाई बिकसित गराउँछ। यस्तो व्यक्तिले व्यवस्था अर्थात् धार्मिक नियमका मागहरूलाई पूरा गर्न आफ्नै शक्तिले भरमग्दूर प्रयास गर्दछन्। तर अब्राहमले पाएको करारमा हामी पनि रह्यौं भने मात्र हामीले गौरवमय आशाको घेरामा रहन सक्छौं, त्यो आशा हो विश्वासद्वारा येशू ख्रीष्टमा पाउने अनुग्रह वा परमेश्वरको नीतिमा चलनको निम्ति चाहिने उहाँको शक्तिको

अपेक्षा।"-एलेन जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०७७बाट रूपान्तरित।

**हामीलाई परमेश्वरले आफ्ना छोराछोरी भनेर स्वीकार गर्नुभएको छ भन्ने महसुस रोमी ८:१६ले कसरी दिँदछ? हेर्नुहोस्: "हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुहुन्छ" (रोमी ८:१६ रूपान्तरित)।**

जब हामीमा पवित्र आत्मा हुन्छ र त्यस आत्माअनुसार हाम्रो जीवनलाई चलाउँछौं तब हामी परमेश्वरका सन्तान हौं भनेर उहाँले देखाउनुहुन्छ। केवल जोश वा भावनामा मात्र चल्दा त्यसले हामीलाई हित गर्दैन भन्ने कुरामा हामी अत्यन्त सचेत हुनुपर्दछ। तर जो मानिस परमेश्वरको वचनको ज्योतिमा हिँड्छ त्यसले भित्री चेतनामा बोलिएको परमेश्वरको आवाजलाई सुन्दछ। त्यहि आवाजले त्यस व्यक्तिलाई यो महसुस गराउँछ कि उसलाई परमेश्वरका सन्तान हुन स्वीकारिएको छ।

"सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं।" भनेर रोमी ८:१७मा पावलले स्पष्ट पार्दछन्। त्यसको अर्थ हामीले परमेश्वरको परिवारमा सम्मिलित हुने अवसर पाउँछौं। त्यसले गर्दा हामी स्वर्गको राज्यको हकदार हुने अचम्मको वरदान हाम्रो परम पिता परमेश्वरबाट नै पाउँछौं। यो हाम्रो ठूलो प्रयास, धर्मकर्म र त्याग तपस्याले हामीले पाएका होइनौं। हामीले येशूलाई ग्रहण गरेको कारणले नै हाम्रो इज्जत बढ्छ र उहाँको सन्तान हुने उपहार हामी पाउँछौं। अनि मानिसहरूले हामीलाई जुनसुकै रूपमा व्यवहार गरेतापनि हामी परमेश्वरका सन्तान् हौं भनी शिर ठाडो गरि हिँड्ने भएका हुन्छौं। उहाँको अनुग्रह र हाम्रो सट्टामा येशू क्रुसमा मर्नुभएकै कारणले हामीले त्यो अवस्थामा रहने अवसर पाएका हौं।

**तपाईं परमेश्वरसँग कति नजिक हुनुभएको छ? के तपाईंले उहाँलाई व्यक्तिगत रूपमै चिन्नुभएको छ वा अरू कसैले भनेको भरमा उहाँको बारेमा केवल थाहा मात्रै छ? के तपाईं उहाँको भक्त वा अनुयायी हुनुहुन्छ वा केवल श्रद्धामात्र राख्ने व्यक्ति हुनुहुन्छ? तपाईंको सृष्टिकर्ता र मुक्तिदाताको नजिकमा रहेर उहाँकै आत्माको अगुवाईमा हिँड्न तपाईंको जीवनमा के परिवर्तन ल्याउनुपर्दछ? केले तपाँईलाई रोकि राखेको छ? र किन?**

**उपसंहारः**

**थप जानकारीः** "यस सांसारिक युगमा विश्वासीहरूलाई आउने दुःख, कष्टबाट उनीहरूले छुटकारा पाउँछन् भन्ने सापटी आश्वासन मुक्तिको योजनामा छैन। तर जसरी येशूले त्याग गर्नुभयो र दुःखमा सहभागी हुनुभयो त्यही बाटोमा हिँड्न विश्वासीहरूलाई आह्वान गरिएको छ। यहि दुःख र सङ्कष्टमा नै येशूको चरित्र उहाँका जनहरूले प्रतिबिम्बित गरेर देखाएका हुन्छन्। येशूको दुःखमा हामी सहभागी हुनसक्यौं भने हामीले शिक्षादीक्षा पाउँछौं, तालिम पाउँछौं र स्वर्गको महिमामा सहभागी हुन तयार हुन्छौं।" एलेन जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. ५६८, ५६९बाट रूपान्तरित।

"परमेश्वरको सिंहासनबाट यस संसामा लत्रिरहेको डोरी यति धेरै लामो छ कि नीचभन्दा नीच पापीहरूकहाँ त्यो पुग्न सक्छ। पापको जतिसुकै गहिरो खाल्डोमा मानिसहरू परेतापनि तिनीहरूलाई माथि उकास्न ख्रीष्ट सक्षम् हुनुहुन्छ। उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान् बनाएर उहाँको स्वीकारयोग्य बनाउन सक्नुहुन्छ। अनि तिनीहरूलाई आफूसँगै अनन्त जीवनको हकदार हुने इनामले सजाउनुहुन्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ७, पृ. २२९बाट रूपान्तरित।

"मानव जातको मूल अगुवा हुनलाई सबैबाट उच्च सम्मान पाएका येशू स्वर्गबाट आएर मानव चोला लिन यस संसारमा आउनुभयो। चाहे पतित नभएका स्वर्गदूतहरू होउन् वा जगतका अन्य पतित नभएका जीवहरू हुन्, परमेश्वरले उपलब्ध गर्नुभएको सहायताले प्रत्येक व्यक्ति उहाँको आज्ञालाई शिरोपर गरेर हिँड्न सक्छन भनेर देखाइएको छ।

"हाम्रो पापको मोल हाम्रो मुक्तिदाताले तिरी सक्नुभयो। अब कोहि पनि शैतानको दास हुनु आवश्यक छैन। सर्वशक्तिमान नै सहायक भएर हाम्रो सामु येशू खडा हुनुभएको छ।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. ३०९बाट रूपान्तरित।

**चिन्तनमननः**

१. यस अध्यायको पाचौं भागमा उद्धृत एलेन जी ह्वाइटको धारणालाई फेरि पढनुहोस्। ती धारणाहरूले हाम्रो निम्ति के आशा दिन सकेका छन्? अझ महत्वपूर्ण कुरो, त त्यहाँ उल्लेखित विजयका प्रतिज्ञाहरूलाई हाम्रै जीवनमा कसरी उतार्न

सक्छौं? येशूले हामीलाई यति धेरै प्रतिज्ञाहरू दिनुभएको छ, तापनि हामी किन पापमै फसिरहन्छौं त?

२. तपाईंको मनस्थितिलाई पवित्र आत्मामा स्थिर राख्न (रोमी ८:५) दैनिक जीवनमा के के उपयोगी कुराहरू गर्नसक्नुहुन्छ? यसको अर्थ के हो? पवित्र आत्माले तपाईंको जीवनमा के भएको चाहनुहुन्छ? तपाईंको पढ्ने सामग्रीहरू, हेर्ने कुराहरू, र सोच्ने कुराहरू आदिले तपाईंको जीवनमा पवित्र आत्माले अपेक्षा गरेको निशानामा पुग्न कसरी गाऱ्हो पार्न सक्दछन्?

३. येशू र शैतानको बीचमा भएको महान् द्वन्द्वमा हामी कि त येशूको पक्षमा छौं कि त शैतानको पक्षमा छौं। आत्मिक जगतमा बीचको बाटो भन्ने छैन। यसबारे अझ धेरै सोच्नुहोस्। यस तितो सत्यले हामीलाई के भन्छ? हाम्रो जीवनशैलीमा, हामीले गर्ने काममा, हामीले रोज्ने कुरामा र सानोतिनो कुरैमा किन नहोस् हामी कसको पक्षमा उभिरहेकाछौं भन्ने तर्कले हामीलाई कस्तो प्रभाव पार्दछ?

कथा ९

## के राम्रो काम गरेर फाइदा छ र?

## रोमन प्रोडन्युक (युक्रेन)

जर्जिया राज्यको देशमा टोमा नाम गरेको एक व्यापारी बस्दथे। उनले नयाँ कार किन्नको लागि पन्द्रह हजार डलर आफैले जम्मा गरेका थिए। तर त्यो पैसाले कार नकिनेर आफूभन्दा गरिब आफन्तहरूलाई सापट दिउँकि जस्तो परोपकारी बिचार उनको मनमा आइरहेको थियो। दोधार हुँदाहुँदै उनले परोपकारी बिचारलाई उनले इन्कार गर्नै सकेनन्। यहाँसम्म कि त्यो उदार विचारले उनलाई दिनरात घचघचाई रहेको थियो।उनले गरिब आफन्तहरूलाई सहयोग गर्नैपर्छ भन्ने सोचलाई भित्रैदेखि कसैले अऱ्हाइरहेको छ जस्तो उनलाई लागेको थियो।

आखिरमा उनले भित्री विवेकलाई नै सुन्ने निर्णय गरे। साथीहरूको सहयोगमा ती आफन्तहरूका लागि नेदरल्याण्डमा टोमाले कामको व्यवस्था गरिदिए । अनि पासपोर्ट, बाटो खर्च सबै टोमाले नै जिम्मा लिए र ती आफन्तहरूको यात्राको निम्ति शुभकामना दिँदै बिदाई गरे। उनीसँग रहेको बाँकि रहेको अलिअलि पैसा पनि ती आफन्तहरूलाई नै दिएका थिए।

त्यस समयमा टोमाको गुणलाई देखेर तिनका आफन्तहरूले केही बोल्नै सकिरहेका थिएनन् । टोमालाई भन्दै थिए "तपाईंलाई हामीले कसरी धन्यवाद दिऔं?" अनि टोमाले हाँस्दै भनेका थिए, “त्यतिको लागि त हामी आफन्त हौं। अनि यसमा हाम्रो परमेश्वरको महिमा हुनेछ। पछि कमाएर तिरिदिनुहोस्।“

### निराशमय ऋणीहरू

केही समयपछि ती आफन्तहरूले धेरै पैसा कमाउन थाले। टोमाले तिनीहरूसँग ऋण तिर्न अनुरोध गरे तर तिनीहरूले तिर्न अस्वीकार गरे। तिनीहरूले फोन पनि उठाउन छोडे। टोमा पनि रिसाए। नेदरल्याण्डमा गएर आफ्नो साथीलाई जसले उनका आफन्तहरूलाई काम दिएका थिए तिनीहरूको तलब कटाएर पैसा दिन अनुरोध गरे र उनि पन्द्रहजार डलर लिएर आफ्नो देश जर्जियामा फर्के। तर त्यहाँ केही भयो जसले गर्दा उसले नयाँ कार किन्न सकेन। कसैले उनको आधि पैसा चोरिदियो।

आफ्नो व्यापारी कामको सिलसिलामा एक दिन टोमा युक्रेनको राजधानी किभमा गएका थिए। त्यहाँको एउटा सहरको पार्कमा धेरै केटाकेटीहरू खेलिरहेको उनले देखे। के भइरहेको रहेछ भनेर उनले नजिकै गएर हेरे। नजिकै रहेको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले छिमेकीमा रहेका

केटाकेटीहरूको निम्ति विशेष रमाइलो मेला आयोजना गरिरहेको एक जना ठूलो मानिसबाट उनले सुने। त्यो ठूलो मानिसले आफूलाई पास्टर रोमान भनेर परिचय गरायो।

आफ्ना नातेदारहरूको बारेमा टोमाले सोच्दै थिए र आफूले राम्रो गर्न खोजेको तर त्यसको बदलामा नराम्रो सहनुपरेको कुरा त्यस पास्टरलाई उनले आफ्नो गुनासो पोखाए। "तपाईं के भन्नुहुन्छ? के राम्रो काम गर्न असलै हुन्छ र?" उनले त्यस पास्टरलाई सोधे। **त्यसैबेला ती पास्टरले दिमागमा बाइबलका धेरै पदहरू सम्झे।**

पास्टर रोमनले टोमातिर फर्केर भने, "तपाईंको कथामा केही महत्त्वपूर्ण कुराहरू छुटेको जस्तो लाग्छ। तपाईंले तिनीहरूलाई सहयोग गर्नुभन्दा पहिले तपाईंका आफन्तहरूले आफ्नो दुःखले गर्दा परमेश्वरलाई दोष लगाएका थिए होलान्, होइन र?" "तपाईंले ठीकै भन्नुभयो। तपाईंले कसरी थाहा पाउनुभयो?" छक्क पर्दै टोमाले सोधे।

"मलाई थाहा छ," पास्टर रोमानले भने, "किभने रोमी ३:४मा बाइबलमा लेखिएको छ, "त्यसो नहोस्, परमेश्वर सत्य र हरेक मानिस झूटो ठहरिओस्। जस्तो लेखिएको छ, "तपाईं आफ्ना वचनमा ठीक ठहरिनुहोस्, र इन्साफ हुँदा तपाईं विजयी हुनुहोस्।" तपाईंका आफन्तहरूले तिनीहरू गरिब भएको हुनाले परमेश्वरलाई दोष दिए तर तिनीहरूलाई परमेश्वरले पैसा दिएर तिनीहरूको नयाँ जीवन सुरू गर्न अवसर दिनुभयो।"

पास्टरले नरोकि भने, "दोस्रो कुरा तपाईंले मलाई भन्नुभएन। तपाईंका आफन्तहरू आफ्नो देश जर्जियामा फर्केपछि तिनीहरूले आफूले कमाएको सबै पैसा खेर फाले र तिनीहरू गरिब भएकोले तिनीहरूले फेरि परमेश्वरलाई दोष लगाइरहेका छन्।" "ठ्याक्कै त्यसै भयो। तर तपाईंलाई यो सबै कुरो कसरी थाहा भयो?" झन छक्क पर्दै टोमाले सोधे।

"मलाई थाहा छ किनकि हितोपदेश १३:११मा लेखिएको छ, "बेइमान गरेर कमाएको धन त्यसै नाश हुनेछ।"

### अचम्मको भविष्यवाणी

"तपाईंले एउटा अन्तिम कुरो मलाई भन्नुभएन," पास्टर रोमानले भने। "जब तपाईं निराश भएर नेदरल्याण्डबाट जर्जियामा फर्कनुभयो तब तपाईंको व्यापार झन राम्रो हुन थाल्यो।" "तपाईंले कसरी थाहा पाउनुभयो। म यतिको सफल भएँ कि म आफै छक्क पर्छु।" टोमाले भने।

"मलाई थाहा छ किनकि हितोपदेश १९:१७मा भनिएको छ, "जसले गरिबमाथि दया देखाउँछ र पैसा सापट दिन्छ उसले परमेश्वरलाई नै सापट दिएको ठहर्छ। उहाँले नै जुन् दिनुभएको छ त्यसलाई फिर्ता गर्नुहुन्छ।"

पास्टरले भनेको कुरा सुनेर टोमा अचम्म मान्यो। तैपनि उनले सबै कुरा बुझ्न सकेका थिएनन्। त्यसकारण अझ व्याख्या गर्न पास्टरसँग अनुरोध गरे।पास्टर रोमनले व्याख्या गरेः "तपाईंका आफन्तहरू गरिब थिए र तिनीहरूको समस्याप्रति तिनीहरूले परमेश्वरलाई दोष लगाएका थिए। न्यायको दिनमा परमेश्वरलाई दोष नलगाइयोस् भनेर उहाँले तिनीहरूलाई मौका दिनुभयो। तिनीहरूलाई सहायता गर्न परमेश्वरले कसैलाई हेरिरहनुभएको थियो। त्यसबेला तपाईंलाई नै पवित्र आत्माले तपाईंका आफन्तहरूलाई सहयोग गर्न तपाईंको दिमागमा घचघच्याउनुभयो। त्यो घचघचाहट यस्तो प्रभावकारी थियो कि तपाईंले नाईं भन्न सक्नुभएन। तर तपाईंका आफन्तहरू बेइमान थिए र त्यो अवसरको फाइदा उठाउन सकेनन्। त्यसकारण न्यायको दिनमा तिनीहरूले परमेश्वरलाई यो दोष दिने आँट गर्दैनन् उहाँले तिनीहरूलाई मौका दिनुभएन। तपाईं पनि परमेश्वरको सामु न्यायको दिनमा उभिनुहुनेछ, र सायद सोध्नुहुन्छ होला, "हे प्रभु तपाईंले मेरा आफन्तहरूलाई किन राम्रो गर्नुभयो र मलाई गर्नुभएन?" परमेश्वरले जवाफ दिनुहुनेछ, "तिमीप्रति म ऋणी छु र? तिम्रो आफन्तहरू भरपर्दा छैनन् भनेर मलाई थाहा भएतापनि तिमीले सापटि दिएको मैले तिरिदिएँ। तिमीले जति दिएका थियौ त्यो तिमीले फिर्ता पाइहाल्यौ नि?" त्यसबेला टोमाले कराएर भने, "परमेश्वरले मैले सापटि दिएको मेरो पैसामात्र फिर्ता दिनुभएन तर उहाँले तीन गुणा बढि दिनुभयो!" त्यसबेला पास्टर रोमानले सोधे, "त्यसकारण के कसैको भलाइ गर्नु असल छ त?"

**(पास्टर रोमान प्रोडान्युक किभ कन्फरेन्सको सभापति हुनुहुन्छ)**

युक्रेनबारे केही जानकारीः युक्रेन पहिला सोभियत गणतन्त्रको राज्य थियो। यो युरोपको सबभन्दा ठूलो भूभाग भएको देश हो। यसको जनसंख्या झण्डै ५ करोड छ। शताब्दियौंदेखि यो देश अन्न उत्पादन गर्ने देशको नाउँले प्रख्यात छ। यसलाई "विश्वमै रोटी टोकरी" भनेर चिनिन्छ। विश्वमा सबभन्दा धेरै अन्न निर्यात गर्ने देशमा यो पनि एक हो। यहाँ धेरै उद्योगहरू पनि छन्। युक्रेनका कतिपय बासिन्दाहरू पानी र वातावरण प्रदुषणका शिकार भएका छन्। युक्रेनमा रहेको चेर्नोबिले आत्मिक भट्टीमा सन् १९८६मा विस्फोट हुँदा हजारौं मानिसहरू रेडियशनको बिषले गर्दा मरेका थिए।